जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १७९ २०८२ साल फागुन ४ गते सोमबार (16 Feb 2026 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : राजविराजको सुप्रसिद्ध शिवालय ... ३ पृष्ठमा : फागुन १८ गतेसम्म मात्र निर्वाचन ... ३ पृष्ठमा : एआई प्रतिस्पर्धामा ...

# शिव मन्दिरहरुमा दर्शनार्थीहरुको घुईचो

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

महाशिवरात्रीको अवसरमा आईतवार सप्तरी सदरमुकाम राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरसहित जिल्लाको विभिन्न स्थानमा रहेका शिवमन्दिरहरुमा दर्शनार्थीहरुको घुईचो लागेको छ ।

जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वर नाथ, भुतनाथ लगायतका शिवालयहरुमा विहानै देखि पुजाका लागि आउने भक्तजनको घुँईचो लागेको थियो । इच्छित मनोकामना पुरा भएपछि भाकल गरेका कतिपय श्रद्धालु भक्तजन सडकमा घिस्रिदै, त कतिपय नाचगान गर्दै शिवालय पुगेका हुन् ।







शिवरात्रीलाई अवसरमा सप्तकोशी नदी तथा अन्य जलासयबाट काँवरमा पवित्र जल बोकेर पैदलयात्रा गरी आएका सयौं काँबरियाले बोलबमको नारा लगाउँदै भगवान शिवलाई जल अर्पण गरेका छन् ।

हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी महेश्वर भारतीले सप्तकोशी तथा अन्य विभिन्न जलाशयबाट पवित्र जल ल्याएर एक हजार भन्दा बढी भक्तजनले भगवान शिवलाई जल अर्पण गरेको बताए ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका कतिपय उम्मेदवारहरु पनि एका बिहानै विशेष पुजापाठमा संलग्न भई आशिर्वाद ग्रहण गर्न आएको उनको भनाई छ । उम्मेदवारहरुले परिवारिक सुख शान्तिका साथै निर्वाचनमा विजयीको आशिर्वाद थाप्ने गरेको मुल पुजारी भारतीले बताए ।

राजविराजस्थित हरिनन्देश्वर शिवमन्दिर परिसरमा सुरक्षादेखि अन्य आवश्यक बन्दोबस्तको व्यवस्था गरिएका कारण भक्तजनलाई पुजा गर्न सहज भएको स्थानियबासी भक्तजनहरुले बताएका छन् । मन्दिर परिसरमा राजविराज जेसिज, विश्व हिन्दु युवा संघ तथा हिन्दु सम्राट सेना लगायतका संघ संस्थाले पञ्चामृत, दुध, बेलपत्र, जल लगायतका पुजा सामग्रीको प्रबन्ध निशुल्क मिलाएकाले पुजापाठ सहज भएको थियो ।

महाशिवरात्रीकै अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र राजविराले झण्डोतोलन तथा झाँकी प्रदर्शन गरेको छ । झाँकीमा भक्तजनहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# उज्यालो नेपालका उम्मेदवारले सार्वजनिक गरे घोषणापत्र




**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

उज्यालो नेपाल पार्टीका उम्मेदवार डा. दिपक चौधरीले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

निर्वाचन नजिकिदै जाँदा विभिन्नदलका तथा स्वतन्त्र उम्मेदवारले आ-आफ्नो घोषणापत्र सार्वजनिक गर्ने क्रममा सप्तरी निर्वाचन क्षेत्र नम्बर २ सप्तरीबाट उम्मेदवारी दिएका चौधरीले चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् ।

आइतबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी उनले पार्टीको घोषणापत्र संगै स्थानियस्तरका थप मुद्दाहरु समेटेर घोषणापत्र सार्वजनिक गरेका छन् ।

सार्वजनिक गरिएको घोषणापत्रमा फत्तेपुर स्थित त्रियुगा खोलामा बाँध बाँधेर ५ देखि ७ मेगावाट सम्म विजुली निकाल्ने कार्यलाई उनले प्राथमिकतामा राखिएको छ ।

नेपाल विद्युत प्राधिकरणको प्रवन्धक पदबाट राजिनामा दिएर राजनीतिमा होमिएका डा. चौधरीले घोषणापत्रमा किसानलाई निशुल्क विजुली, विपन्न बालबालिकालाई निशुल्क शिक्षा र स्वास्थ्य, राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल र रुपनी ५ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा सुधार, संघीय संरचनालाई थप बलियो बनाउने, नागरिकको घरसम्म सम्म विद्युत विस्तार गरी उज्यालो बनाउने, भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्ने, राजविराजलाई स्थानिय कला संस्कृती संग जोडेर पर्यटकीय नगरको रुपमा विकास गर्ने उल्लेख गरेको छ ।

यस्तै क्षेत्रभित्रका सबै पालिकामा विकास निर्माण कार्यलाई गति प्रदान गर्ने, जिर्ण सडक खण्डको स्तरोन्नती गर्ने, कृषिलाई आधुनिकीकरण गरी उत्पादकत्वमुखी बनाउने, राजविराज नगरपालिका स्थापनाकाल देखि नै बसोबास गर्दै आएका तथा अझै लालपुर्जा पाउन नसकेकाहरुलाई लालपुर्जा दिलाउन आवश्यक पहल गर्ने, जेनजी युवाहरुको उज्जवल भविष्यका लागि आवश्यक कार्य योजना बनाउने लगायतका बिषयलाई समेत उनले आफ्नो घोषणापत्रमा समेटेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम

काठमाडौं, ३ फागुन (रासस) ।

प्रतिनिधिसभा निर्वाचनका लागि आइतबारदेखि देशभरि मतदाता शिक्षा कार्यक्रम सुरु हुने भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम आइतबारदेखि मतदाता शिक्षा विशेष कार्यक्रम स्वीकृत भएको छ । सोही कार्यक्रमअनुसार सो कार्यक्रम अगाडि बढाउन लागिएको हो ।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत विशेष कार्यक्रमअनुसार मतदाता शिक्षा कार्यक्रम अगाडि बढ्न लागेको आयोगले जनाएको छ ।

आइतबारदेखि सुरु भएको सो कार्यक्रम यही फागुन १७ गतेसम्म देशभरका ७५३

*बाँकी तीन पृष्ठमा*

**मतदान किन गर्ने?**

- ❖लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- ❖योग्य जनप्रतिनिधिको छनौट गर्न।
- ❖नागरिक कर्तव्य निर्वाह गर्न।
- ❖जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- ❖निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- ❖असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कुलतबारे ज्ञान दिनु आवश्यक

अहिले मुलुकभर लागु औषधले ठूलो चुनौती दिएको छ । लागूऔषधको प्रयोगकर्ता बढ्दै गएकाले प्रहरी प्रशासनलाई यसको थप चुनौती थपिएको हो । कलिला उमेरका बालबालिकाहरु यसप्रति आकर्षित हुँदैगएक छन् । चुरोट, खैनी, गाँजाबाहेक इन्जेक्सन लिने क्रम पनि बढ्दै गएको छ । ग्रामिण भेगहरुमा पनि यसतर्फ बालबालिका तथा युवा उमेर समूहका व्यक्तिहरु यसको कुलतमा फसेका छन् ।

कम उमेरमै चुरोट, सुर्ती, गाजा भाँगसहित बिभिन्न किसिमको नशा प्रयोग गर्नेको संख्यामा बृद्धि हुँदै जाँदा विद्यालयका बालबालिकाहरु पनि लुकीछिपी लागूऔषध प्रयोग गरिरहेका छन् । समयमै यसप्रति ध्यान नदिइए त्यस्ता बालबालिकाको अवस्था गम्भीर बन्दै जानेमा दुईमत नहोला । यसतर्फ अभिभावक, शिक्षक र अन्य सरोकारबाला यस्तै किसिमले मौन रहे भने अवस्था भयावह हुँदै बालबालिकाहरुको भविष्य पनि खराब बन्न सक्ने भएकाले यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।

यस विषयमा विद्यालयका शिक्षक, अभिभावक तथा सरोकारवाला निकाय पनि अनभिज्ञ जस्तै देखिएका छन् । तसर्थ त्यस्ता जिम्मेवारवालाहरुले गलत गतिविधीतर्फ आकर्षित भइरहेका बालबालिकालाई सही दिशामा ल्याउन आजैदेखी अग्रसर हुँदै कुलतबारे ज्ञान दिनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजविराजको सुप्रसिद्ध शिवालय : हरिनन्देश्वर महादेव मन्दिर



**अजयकुमार झा**

सनातन संस्कृतिमा शिवलाई परमेश्वर मानिन्छ । भक्तजनले उनलाई महादेव, आशुतोष, इशान, महेश, हरिहर, शंकर, रुद्र, गिरीश आदि नामले पनि पुकार्छन् । भगवानको तीन रूपहरूमध्ये शिवलाई विनाशकर्ताका रूपले चिनिन्छ । शैव सम्प्रदायमा शिवको उपासना गरिन्छ । शिवलाई प्रायः जसो शिवलिङ्गको रूपमा पूजा गर्ने गरिन्छ । शिवका उपासक शैव कहलाउँछन् ।

वैदिक कालमा रुद्रको रूपमा पूजिने देवता पौराणिक कालमा शंकर, महादेव, शिव जस्ता नामले पुजिन थालिए । शिव पुराणका अनुसार उनको स्वरूपमा गंगा, चन्द्रमा, त्रिनेत्र, सर्प र मानव खप्परको माला, भस्म, बाघको छाला, त्रिशूल आदि शक्ति सजिएका छन् । उनको वाहन नन्दी हुन् । उनको धनुषलाई पिनाक भनिन्छ । उनीसँग पाशुपतास्त्र छ । शिव पुराणमा उनको शौर्य र करुणाको बारेमा धेरै कथाहरू छन् ।

महाशिवरात्रि पर्व भगवान् शिवको आराधना पर्व हो । महाशिवरात्रि पर्व प्रत्येक वर्ष व्रत, पूजा, अभिषेक, धुनी, जागरण गरी मनाइन्छ ।

चन्द्रमासको औँसीभन्दा एकदिन अगाडिको रातलाई शिवरात्रि भनिन्छ । एक वर्षमा १२-१३ शिवरात्रिहरू पर्छन्, जसमध्ये माघ (वा फाल्गुन) मा पर्ने शिवरात्रिलाई महाशिवरात्रि भनिन्छ । शिवरात्रि आध्यात्मिक दृष्टिले जागरणको रात हो ।

महाशिवरात्रि समाजमा एक विवाहोत्सवको रूपमा बढी प्रचलित छ । फाल्गुन कृष्ण चतुर्दशीको राति मनाइने शिवरात्रि भगवान् शिव र माता पार्वतीको मिलन (विवाह) को पावन रात हो । यो पर्व शिवको निराकारबाट साकार रूप अर्थात् शिवलिंगको प्रकटीकरणको प्रतीक हो, जो शिवको सर्वोच्चता सिद्ध गर्ने ज्योतिर्लिङ्ग उत्पत्तिको कथासँग सम्बन्धित छ । यस दिन सनातनीहरू चतुर्दशी उपवास, पूजा-अर्चना र रात्रि जागरण गर्छन् । यस रातमा, उत्तरी गोलार्द्धमा ग्रहहरू विशेष अवस्थामा हुन्छन्, जसले गर्दा मानिसमा ऊर्जाहरू स्वतः माथितिर जान्छन् ।

शास्त्रका अनुसार यसै रात भगवान् शिव र माता पार्वतीको विवाह सम्पन्न भएको थियो । त्यसैले यसलाई महाशिवरात्रि अर्थात् 'शिवको महान रात' भनिन्छ ।

यसै रात भगवान् शिव पहिलो पटक शिवलिंगको रूपमा प्रकट भएका थिए, जो उनको आदि र अन्तविहीनताको प्रतीक हो ।

यसैगरी समुद्र मन्थनको समय निस्किएको कालकूट विषलाई पान गरेर शिवजीले संसारको रक्षा गरेका थिए, र विषको प्रभावलाई कम गर्नका लागि देवताहरूले उनीमाथि जल चढाएका थिए, जो महाशिवरात्रिको रात शिव पूजाका महत्वलाई दर्शाउँछ ।

हरेक वर्ष नेपालमा महाशिवरात्रि पर्व फाल्गुन कृष्णपक्षको चतुर्दशीमा धुमधामले मनाइन्छ । धार्मिक-आध्यात्मिक जागरणको साथसाथै यसै दिन राष्ट्रिय राजधानी काठमाडौं टुँडिखेलमा बढाइँका साथ सेना दिवस मनाइन्छ ।

प्राचीन समयदेखि नै नेपालमा थुप्रै धार्मिक स्थलहरू रहेको पाइन्छ । नेपालका विभिन्न क्षेत्रमा भगवान् शिवका थुप्रै मठ, मन्दिर र तीर्थ स्थलहरू रहेका छन् । आराध्यदेव भगवान् श्रीपशुपतिनाथ संसारमै प्रसिद्ध तीर्थस्थल हो । शिवको निवास स्थान कैलाश तीर्थालुको लागि नेपाल पनि एक मार्गको रूपमा रहेको छ ।

भगवान् शिव साना-ठुला, गरिब-धनी, ज्ञानी-अज्ञानी सबैका लागि सहज देवता भएकाले तराई मधेशका सबै गाउँ नगरमा शिव मन्दिरहरूको उल्लेखनीय उपस्थिति देखिन्छ ।

जनकपुर र आसपासका क्षेत्रहरूमा अनेक शिव मन्दिरहरू छन् । शिवचोकस्थित शिव मन्दिर, गंगासागरस्थित भूतनाथ, कपिलेश्वरनाथ महादेव, कुपेश्वरनाथ महादेव, क्षिरेश्वरनाथ महादेव, सतोषरस्थित सप्तेश्वरनाथ महादेव मन्दिर, सीमावर्ती क्षेत्रको कल्याणेश्वरनाथ महादेव, महोत्तरीको जलेश्वरस्थित जलेश्वरनाथ महादेव चर्चित शिव मन्दिरहरू हुन् ।

सप्तरीमा अनेक शिव मन्दिर छन् । सप्तरीको प्रसिद्ध शिव मन्दिरहरूमा महादेवाको अंकुरी महादेव मन्दिर, लालापट्टीको लालेश्वरनाथ महादेव मन्दिर, शम्भुनाथको शम्भुनाथ बाबाको मन्दिर, महादेवपट्टीको महादेव मन्दिर, घोघनपुरको भजनेश्वरनाथ शिव-पार्वती मन्दिर, राजविराजको हरिनन्देश्वर महादेव मन्दिर हुन् ।

सप्तरी जिल्लाको सदरमुकाम राजविराजको नाम यहाँ स्थित सेनकालीन राजदेवी मन्दिरको नाममा राखिएको छ ।

राजविराज आठ दशकअघि टाउन प्लानिङअनुसार बसाइएको नेपालको पहिलो नगर हो । सप्तकोशीले सप्तरीको तात्कालिन सदरमुकाम हनुमाननगरलाई कटान गरेपछि विकल्पको रूपमा नगर बसाई वि.सं. १९९८ सालमा सदरमुकाम राजविराज सारियो । राजविराज नगर क्षेत्रमा राजदेवी, दुर्गा, वागेश्वरी, हनुमान, रामजानकी, गणेश, राधाकृष्ण, विष्णु, बैष्णवी काली, महादेव लगायत मन्दिर छन् ।

राजविराजमा अनेक शिव मन्दिर छन् । त्यसमध्ये हरिनन्देश्वर महादेव मन्दिर सबै भन्दा पुरानो मन्दिर हो । सप्तकोशीको कटानमा पर्न गएको नरहावरहा भन्ने नगरमा रहेका मन्दिरहरूका देव प्रतिमाहरू हनुमाननगरबाट राजविराज ल्याई स्थापना गरिएका थिए । इतिहासकार हरिकान्त लाल दासका अनुसार त्यही नरहावरहाको शिवलिङ्गलाई मनसापुर गाउँमा ल्याई एउटा झुप्रोमा राखी पूजाआजा गर्न थालिएको थियो ।

इतिहासकार हरिकान्त लाल दासले आफ्नो प्रकाशित शोध ग्रन्थ 'सप्तरीको राजनैतिक इतिहास तथा जिल्लाका प्रमुख धार्मिक स्थलहरू' पुस्तकमा उल्लेख गरे अनुसार नरहावरहामा यो मन्दिर रहेको बेलादेखिको पुजारीको वंशज पुजारी उचित भारतीले वि.सं. १९९७-९८ साल तिर हनुमाननगरमा कोशीकटानका कारण हरिनन्देश्वर महादेव मन्दिरबाट शिवलिंग झिकी मनसापुर गाउँमा ल्याएर गाउँलेहरूको सहयोगले एउटा सामान्य घरमा त्यसलाई राखी करिब दुई वर्ष त्यहीं पूजा गरे ।

त्यसपछि त्यहाँबाट शिवलिंगलाई राजविराज ल्याइयो । वि.सं. २०१३ सालमा श्री ५ महाराजाधिराज महेन्द्रको राजविराज सवारी भएको बेला शिवलिंग वर्तमान महेन्द्र क्लबको अगाडि एउटा पीपलको रुखमुनि स्थापित थियो र श्री ५ महेन्द्रबाट त्यसै ठाउँमा हरिनन्देश्वर महादेवको शिवलिंगको दर्शन गरिबक्सेको थियो ।

त्यसको केही वर्षपछि बभनगामा कट्टीका एकजना श्रद्धालु बाबुसाहेबले आफ्नै खर्चमा हरिनन्देश्वर महादेवको मन्दिर निर्माण गराए । त्यस मन्दिरसँगै टाँसिएको हनुमान मन्दिर रहेको हुनाले उक्त मन्दिर नयाँ जस्तै देखिएकाले राजविराजका नगरवासीहरू महादेव मन्दिरलाई पुरानो ठान्दैनन् । राजविराज नगरका अरू मन्दिर झैँ यो मन्दिरको शिवलिंग नयाँ नै हुनसक्दछ भन्ने अनुमान इतिहासकार दासले गरेका छन् ।

इतिहासकार दासका अनुसार प्राचीनताको हिसाबले राजविराजको हरिनन्देश्वर महादेव मन्दिरलाई राजदेवीपछि दोश्रो मन्दिरको रूपमा लिन सकिन्छ । यस मन्दिरको निर्माण राजविराज नगरको स्थापनापछि मात्र भयो, तर मन्दिरभित्र स्थापित शिवलिंग धेरै पुरानो हो । नेपाल एकीकरणको पूर्व तर्फको विजय अभियानमा खार्पाका पोखरेलहरूले श्री ५ पृथ्वीनारायण शाहलाई आर्थिक रूपले सहयोग गरेका थिए ।

चौदण्डीको विजय पछि खार्पाका हरिनन्द पोखरेलले वि.सं. १८४० मा हनुमाननगरदेखि करीव ३ माइल पूर्व नरहामा एउटा मन्दिरको स्थापना गरी वि.सं. १८४१ मा गुठी चलाए । हरिनन्द पोखरेल (उपाध्याय) ले स्वयं महादेव स्थापना गरेको हुनाले यसको नाउँ हरिनन्देश्वर महादेव हुन गयो । महादेवको पूजा सन्न्यासी जातबाट मात्र हुने भएकाले संस्थापक पोखरेलले एक जना सन्न्यासी शिव भारतीलाई यसको पूजा र देखरेखको लागि नियुक्त गरेर

*बाँकी तीन पृष्ठमा*

# फागुन १८ गतेसम्म मात्र निर्वाचन प्रचारप्रसार गर्ने आयोगको निर्देशन

काठमाडौँ, ३ फागुन (रासस)।

निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि १८ गतेसम्म मात्र जुलुस, आमसभा, कोणसभा, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण तथा निर्वाचनका लागि घरदैलो कार्यक्रम गरी निर्वाचन प्रचारप्रसार गर्न निर्देशन दिएको छ।

यही फागुन २१ गते बिहीबारका दिन सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कार्यक्रम अनुसार सोमबारदेखि सुरु हुने प्रचारप्रसारका कार्यक्रमअघि आइतबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राजनीतिक दललाई निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुर्‍याउने वा पुर्‍याउन लगाउने काम नगर्न निर्देशन दिनुभएको हो।

यसैगरी थुनछेक गर्ने वा गराउने, कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुर्‍याउने, धाक धम्की वा डर त्रास देखाउने, सामाजिक प्रतिष्ठामा आघात पुर्‍याउने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भकाउने वा प्रतिज्ञा गराउने जस्ता काम गरी प्रभावमा नपार्न कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्देशन दिनुभयो।

“निर्वाचनको अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नका लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र बकसको रूपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोजको आयोजना गर्न वा त्यस्तो प्रयोजनका लागि नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न वा सार्वजनिक भोजमा सहभागी हुन हुँदैन, निर्वाचन प्रचारप्रसार गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुर्‍याउने वा खलल पार्ने, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुर्‍याउने वा खलल पार्ने, कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुर्‍याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने कार्य गर्न गराउन हुँदैन”, उहाँले भन्नुभयो।

निर्वाचनको नतिजामा प्रभाव पार्न कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हत्या गर्न वा गराउन वा कुनै तबरबाट डर, त्रास तथा धम्की दिन नहुने आयोगको निर्देशनमा उल्लेख छ। निर्वाचनको प्रचारप्रसार गर्ने उद्देश्यले निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख भए बमोजिम ७५ ग्रामसम्मको कागजमा ३०० वर्ग इञ्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ र मुद्रकको नामसहितको पर्चा वितरण गर्नबाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन, कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन, सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाका लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गर्न वा गराउन नहुने आयोगले जनाएको छ।

मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन नहुने भनी आयोगले राजनीतिक दललाई निर्देश गरेको छ। नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारीसाधन प्रयोग गर्न वा गराउन, कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गर्न वा गराउन नहुने पनि आयोगले जनाएको छ।

निर्वाचन प्रचारप्रसारको सिलसिलामा सरकारी कर्मचारी, सुरक्षाकर्मी वा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा गराउन नहुने, निर्वाचन प्रचारप्रसारमा प्रचलित सङ्घीय कानुन विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी सङ्घ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने आयोगले निर्देशन दिएको छ।

### राजविराजको ...

उक्त सन्यासीलाई कुश विर्ता समेत प्रदान गरेका थिए।

महाशिवरात्रि पर्वको अवसरमा संसारका सबै मन्दिरहरूमा विशेष पूजा आराधना हुनु स्वाभाविक हो तर शिव मन्दिरहरूमा भने भव्यता शिखरमा पुगेको हुन्छ। महाशिवरात्रिमा शिवालयहरूमा भक्तजनको भीडले कुम्भ मेलाको भान दिन्छ। राजविराजस्थित मन्दिरहरू र खासगरी शिव मन्दिरहरूमा पनि शिवरात्रिको विशेष भव्यता हुन्छ भने हरिनन्देश्वर महादेव मन्दिरमा परम्परागत रूपमा नै शिवरात्रि बृहत् कार्यक्रमका साथ मनाइन्छ। यसैगरी धुनी, प्रवचन, भजनसंध्या लगायतका धार्मिक कार्यक्रमको आयोजना गर्दै रात्रिजाग्राम गरिन्छ।

एकाबिहानै २२ किलोमिटर टाढा सप्तकोशी नदीबाट काँवरमा जल बोकेर पैदल यात्रा गरी आउने हजारौं भक्तजनद्वारा शिवलिंगको अभिषेक गरिन्छ।

यस वर्ष पनि हरिनन्देश्वर महादेव मन्दिरमा शिवरात्रीका लागि सम्पूर्ण तयारी पुरा भएको छ। मन्दिरको प्राङ्गणमा विभिन्न नागरिक, सेना तथा प्रहरी संस्थाहरुले भक्तजनहरूलाई पञ्चामृत, दुध, बेलपत्र, जल, औषधी, पूजा सामाग्री आदि वितरण सेवा प्रवाह गरी पर्वको गरिमा बढाउने गरेका छन्। गत विगतमा ब्रहमाकुमारी राजयोग सेवा केन्द्र, मारवाडी महिला मञ्च, राजविराज जेसिज, विश्व हिन्दु युवा संघ, नरसिंह हिन्दु सेना नेपाल, युनाइटेड डेभलपमेन्ट जस्ता संघसंस्थाहरूको सहभागिता रहेको पाइन्छ।

महाशिवरात्रि पर्वकै अवसरमा शम्भुनाथस्थित शम्भुनाथ बाबाको मन्दिरमा प्रत्येक वर्ष झैं यस वर्ष पनि हजारौं श्रद्धालु भक्तजनहरुले भगवान् शिवको पूजापाठका तथा दर्शन गर्ने गर्छन्। यसैगरी, कञ्चनरुप नगरपालिकास्थित शिवपार्वती मन्दिर, हनुमाननगरको शिव मन्दिर, फत्तेपुरस्थित शिवालय, महादेवास्थित अंकुरी महादेव मन्दिर, लालापट्टीस्थित लालेश्वरनाथ महादेव मन्दिर लगायतका गाउँ-गाउँमा रहेका शिवालयहरूमा पनि बिहानै देखि दूध, जल, फलफूल चढाई भक्तजनहरू पूजा गर्छन्। इच्छित मनोकामना पूरा भएपछि भाकल गरेका श्रद्धालु भक्तजनहरू सडकमा घिस्रिदै (दण्ड प्रणाम) वा नाचगान गर्दै शिवालय जाने गरेका हुन्छन्।

हर-हर महादेव, बोलबम शिवको प्रशंसा गरिएको संस्कृत स्लोक हो। शिवरात्रिमा यस्तो नाराले वातावरण गुञ्जायमान रहन्छ।

महाशिवरात्रि आत्मशुद्धि, साधना र चेतना जागरणको एक दिव्य पर्व हो। भगवान् शिव चाडै प्रसन्न हुने देवता मानिन्छ, त्यसैले शिवजीलाई आशुतोष पनि भनिन्छ। उनलाई प्रिय ११ वस्तुहरूमा रुद्राक्ष, भस्म, चन्दन, अक्षत, जल, दूध, बेलपत्र, आँक, धतुरो, भाङ्ग र कपुर हुन्। (लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन्।) रातोपाटीबाट

# अधिकांश दलले सार्वजनिक गरे निर्वाचन घोषणापत्र

काठमाडौँ, ३ फागुन (रासस)।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुने अधिकांश राजनीतिक दल र प्रत्यक्षतर्फका उम्मेदवारले घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोगमा बुझाएका छन्।

आयोगको निर्देशनबमोजिम विभिन्न दल र उम्मेदवारले घोषणापत्र बुझाउन थालेका र विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिनुभयो।

आइतबारै मात्र राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो पार्टी नेपाल र नेपाल मजदुर किसान पार्टीले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन्। नेपाली कांग्रेसले आइतबार काठमाडौँमा घोषणापत्र सार्वजनिकको तयारी गरे पनि स्थगन गरी यही फागुन ६ गते मधेस प्रदेशबाट सार्वजनिक गर्ने तय गरेको सो पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले फागुन ७ गतेभित्र घोषणापत्र सार्वजनिकको तयारी गरेको सो पार्टीको निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले जानकारी दिनुभयो। नेपाली कम्युष्टि पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायत दलले केही दिन पहिला घोषणपत्र सार्वजनिक गरिसकेका छन्।

यही फागुन २१ गते हुने निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरी यही फागुन ३ गतेभित्र पेस गर्न निर्वाचन आयोगले निर्देशन दिएको थियो। निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ मा निर्वाचनमा सहभागी हुने राजनीतिक दलले निर्वाचन आयोग र पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फका उम्मेदवारहरुले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको थियो।

### फागुन १७ ...

स्थानीय तहका छ हजार ७४३ वडामा सञ्चालन हुनेछ। त्यसका लागि एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन हुनेछन्। आयोगका अनुसार त्यसरी खटिएका स्वयंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउनेछन्।

प्रभावकारी मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ। आयोगले सो कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सातै प्रदेश सरकार, सबै स्थानीय तह, निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगत्‌लगायत सम्पूर्ण सरोकारवालामा आयोगले अनुरोध गरेको नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

## विश्व समाचार

# एआई प्रतिस्पर्धामा भारतको एक खर्ब ७५ अर्ब डलरको ‘डाटा सिटी’ अभियान

नयाँदिल्ली, ३ फागुन (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिका र चीनसँगको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रतिस्पर्धामा दूरी घटाउने उद्देश्यसहित भारतले अभूतपूर्व परिमाणको ‘डाटा सिटी’ परियोजना अघि बढाएको छ। आन्ध्र प्रदेश सरकारले विशाखापट्टनमलाई केन्द्रमा राख्दै एआई पूर्वाधार, डाटा सेन्टर र उच्च क्षमतायुक्त डिजिटल इकोसिस्टम निर्माण गर्ने महत्त्वाकांक्षी योजना सार्वजनिक गरेको हो।

आन्ध्र प्रदेशका सूचना प्रविधिमन्त्री नारा लोकेशले एआई क्रान्ति अपरिहार्य भइसकेको बताउँदै राष्ट्रले यसलाई सक्रिय रूपमा अँगाल्ने नीति लिएको उल्लेख गर्नुभयो। उहाँका अनुसार राज्यले ७६० परियोजनासहित करिब एक खर्ब ७५ अर्ब डलर बराबरको लगानी प्रतिबद्धता जुटाइसकेको छ। यसमा संयुक्त राज्य अमेरिका बाहिरकै सबैभन्दा ठूलो एआई पूर्वाधार हब निर्माणका लागि गुगलको १५ अर्ब डलर लगानीसमेत समावेश छ।

त्यस्तै, रिलायन्स इन्डस्ट्रिज, क्यानाडाको ब्रुकफिल्ड र अमेरिकी कम्पनी डिजिटल रियल्टीको संयुक्त उद्यमले सोही सहरमा ११ अर्ब डलरको एआई डाटा सेन्टर विकास गरिरहेको छ। करिब २० लाख जनसङ्ख्या रहेको विशाखापट्टनमलाई अब सिङ्गापुरसँग जोडिने पनडुब्बी इन्टरनेट केबलको अवतरण बिन्दुका रूपमा विकास गरिँदैछ। लोकेशका अनुसार १०० किलोमिटर अर्धव्यासभित्र फैलिने ‘डाटा सिटी’ अवधारणा केवल डाटा कनेक्टिभिटीमा सीमित नभई सर्भर उत्पादन, कुलिङ प्रणाली, सहायक उद्योग र पूर्ण प्रविधि आपूर्ति शृङ्खलासम्म विस्तार हुनेछ। उहाँले आन्ध्र प्रदेशले सन् २०२५ मा भारतको प्रत्यक्ष वैदेशिक लगानीको झण्डै २५ प्रतिशत आकर्षित गरेको दाबी गर्नुभयो। प्रमुख लगानीकर्तालाई प्रतिस्पर्धात्मक दरमा जग्गा उपलब्ध गराउने नीति अवलम्बन गरिएको छ। मुख्यमन्त्री एन चन्द्रबाबु नायडूका पुत्रसमेत रहनुभएका ४३ वर्षीय स्ट्यानफोर्ड शिक्षित मन्त्री लोकेशले हैदराबादलाई ‘साइबराबाद’ बनाउने अनुभवबाट प्रेरित भएको बताउनुहुन्छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आयोजना गर्ने एआई इम्प्याक्ट शिखर सम्मेलनअघि सार्वजनिक गरिएको यस योजनाले भारतलाई विश्व एआई शक्तिको तेस्रो स्थानमा स्थापित गर्ने दाबीलाई बल दिएको छ। स्ट्यानफोर्ड युनिभर्सिटीको अध्ययनअनुसार पेटेन्ट, निजी लगानी लगायत ४० भन्दा बढी सूचकमा भारत दक्षिण कोरिया र जापानभन्दा माथि रहेको छ। एक अर्बभन्दा बढी इन्टरनेट प्रयोगकर्तासहितको बजारले बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई आकर्षित गरिरहेको छ। माइक्रोसफ्टले हालै १७ अर्ब ५० करोड डलर लगानी घोषणा गर्दै यसलाई एसियामा अहिलेसम्मकै सबैभन्दा ठूलो प्रतिबद्धता भनेको थियो।

यद्यपि आलोचकहरूले भारत अझै उच्चस्तरीय कम्प्युटिङ क्षमता र व्यावसायिक एआई कार्यान्वयनमा पछाडि रहेको तर्क गर्छन्। डाटा सेन्टरहरूले पर्याप्त रोजगारी सिर्जना गर्ने विषयमा पनि प्रश्न उठाइएको छ। तर लोकेशले प्रत्येक औद्योगिक क्रान्तिले विस्थापनभन्दा बढी अवसर सिर्जना गरेको उल्लेख गर्दै एआई अँगालेका देशले नै फाइदा लिने धारणा व्यक्त गर्नुभयो। ऊर्जा र पानीको उच्च माग सम्बोधन गर्न राज्यले दीर्घकालीन योजना बनाएको बताइएको छ। बङ्गालको खाडीमा बग्ने अतिरिक्त मनसुनी पानी उपयोग गरी विशाल डाटा सेन्टर चिस्याउने अवधारणा अघि सारिएको छ। साथै, कोभवाडामा छ वटा १.२ गिगावाट क्षमताका आणविक ऊर्जा संयन्त्रका लागि केन्द्रीय सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेको छ। छ गिगावाट डाटा सेन्टर क्षमताको लक्ष्यसहित आन्ध्र प्रदेशले तीव्र गति र ठूलो परिमाणमा कार्यान्वयन गर्ने दाबी गरेको छ। “हामी यात्रामा छौं र देशले कहिल्यै नदेखेको गतिमा परियोजना कार्यान्वयन गर्नेछौं”, लोकेशले भन्नुभयो।

# युक्रेन-रुस वार्ता : दीर्घकालीन शान्तिका लागि अवसर

किएभ, ३ फागुन (रासस/सिन्ह्वा)।

युक्रेनका राष्ट्रपतिले आगामी शान्ति वार्ता ‘गम्भीर, सार्थक र सबैका लागि लाभदायक’ हुने आशा व्यक्त गर्नुभएको छ। उहाँले सबै पक्षले सकारात्मक र सहयोगी दृष्टिकोण अपनाएर टिकाउ समाधान निर्माणमा योगदान पुर्‍याउनुपर्नेमा जोड दिनुभयो। राष्ट्रपतिले विगतका वार्ताहरूमा प्रायः युक्रेनलाई पर्याप्त रूपमा समावेश नगरी रुससँग मात्रै छलफल हुने गरेको देखिएको बताउनुभएको छ, जसका कारण ठोस प्रगति हुन सकेको छैन। यसैले आगामी वार्ता सबै पक्षका हितलाई सुनिश्चित गर्ने महत्वपूर्ण अवसर बन्ने अपेक्षा गरिएको छ।

जनवरीको अन्त्यदेखि फेब्रुअरीको सुरुमा संयुक्त सुरक्षा कार्य समूहका सदस्यहरूले संयुक्त अरब इमिरेट्सको राजधानी अबुधाबीमा दुई चरणको वार्ता सम्पन्न गरेका थिए। त्यहाँ केही केदीहरू साटासाटमा सहमति भए पनि क्षेत्रीय व्यवस्था, बन्दुकबन्दी र दीर्घकालीन शान्ति विषयमा पूर्ण समाधान हुन सकेको थिएन। अगामी चरणको वार्ता जेनेभा शहरमा मङ्गलबार र बुधबार हुने तय भएको छ। यसमा रुस प्रतिनिधित्व वरिष्ठ अधिकारीले गर्नेछन् भने युक्रेन टोलीमा राजनीतिक, सुरक्षा र सैनिक विषयका प्रतिनिधिहरू रहनेछन्। राष्ट्रपतिले यस शान्ति वार्ता न्यायपूर्ण, टिकाउ र सबै पक्षका लागि सन्तुलित समाधानको अवसर बन्ने विश्वास व्यक्त गर्नुभएको छ। यसले दीर्घकालीन शान्ति र क्षेत्रीय स्थायित्वमा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

# कांग्रेसले प्रतिज्ञापत्र बुधबार जनकपुरमा सार्वजनिक गर्ने

काठमाडौँ, ३ फागुन (रासस)।

नेपाली कांग्रेसको आइतबार सार्वजनिक गर्ने भनिएको प्रतिज्ञापत्र बुधबारका लागि सरेको छ। संशोधित कार्यक्रमअनुसार अब जनकपुरमा प्रतिज्ञापत्र सार्वजनिक हुने छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले आइतबारका लागि पार्टी कार्यालय विपीनगर सानेपामा तय गरेको प्रतिज्ञापत्र सार्वजनिक कार्यक्रम स्थगित भएको जानकारी दिनुभयो।

कांग्रेसले ६ गते मधेस प्रदेशको जनकपुरधामबाट चुनावी सभाको सुरुआत गर्दैछ। सोही सभामा प्रतिज्ञापत्र सार्वजनिक गरिने उहाँले बताउनुभयो।

निर्वाचन आयोगले दलहरूलाई फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि घोषणापत्र पेस गर्न आइतबारसम्मको समय दिइसकेको छ। कांग्रेस प्रवक्ता चालिसेले निर्वाचन आयोगमा आइतबारै प्रतिज्ञापत्र बुझाइने तर सार्वजनिक कार्यक्रम भने बुधबार हुने बताउनुभयो।

# एक करोड ९१ लाख मतपत्र छपाइ सकियो, अब करिब १२ लाख बाँकी

काठमाडौँ, ३ फागुन (रासस)।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ।

आइतबारसम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उहाँले बताउनुभयो। अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ्घ , उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिराहा गरी ६७ जिल्लाको मतपत्र छपाइ सम्पन्न गरी ढुवानीका लागि तयारी भएको हो।

शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो। आइतबार थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

अब काठमाडौँ उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ। अब दुई दिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ। हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ।

हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ। प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

छपाइ भएको मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो। पहिलो चरणमा कर्णालीमा मतपत्र पठाइएको थियो। गण्डकी, लुम्बिनी र सुदूरपश्चिमप्रदेशका दुर्गम जिल्लामा पनि मतपत्र पठाइएको आयोगले जनाएको छ। सहरी क्षेत्र र सुगम जिल्लामा भने मतपत्र पठाउन बाँकी छ।

# वीरगन्ज भन्सारद्वारा सात महिनामा एक खर्ब ३५ अर्ब राजस्व सङ्कलन

पर्सा, ३ फागुन (रासस)।

वीरगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा रु एक खर्ब ३५ अर्ब ४८ करोड राजस्व सङ्कलन गरेको छ। कार्यालयले चालु आवको सात महिनासम्म रु एक खर्ब ५३ अर्ब ८४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सो अवधिसम्म भने लक्ष्यको ८८.०७ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आवको सात महिनामा कार्यालयको भन्सार सङ्कलनमा उत्साहजनक भएको छ। कार्यालयले साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोज महिनामा रु १९ अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो।

त्यस्तै, कात्तिकमा रु १७ अर्ब ३३ करोड र मङ्सिरमा भने रु २० अर्ब ८० करोड राजस्व सङ्कलन भएको छ। त्यस्तै पुसमा पनि रु २० अर्ब २० करोड राजस्व सङ्कलन गरेको छ। कार्यालयले माघमा मात्र रु २१ अर्ब २९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु १८ अर्ब ९० करोड राजस्व सङ्कलन गरेको छ। भन्सार विभागले वीरगन्ज भन्सार कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ।

# सोमबारदेखि माध्यमिकी परिक्रमा

धनुषा, ३ फागुन (रासस)।

मिथिलाको महाकुम्भ मानिने १५ दिने धार्मिक माध्यमिकी परिक्रमा सोमबारदेखि सुरु हुनेभएको छ।

यहाँको मिथिला विहारी मन्दिरका महन्त रामनरेश शरणले नेपाल र भारतका लाखौं श्रद्धालु तथा साधुसन्तहरूको सहभागितामा धार्मिक यात्रा सुरु हुन लागेको बताउनुभयो।

सोही यात्राका लागि सोमबार धनुषाको मिथिला विहारी नगरपालिका-८ कौचरीस्थित मिथिला विहारी मन्दिरबाट झाँकी कीर्तनसहित श्रद्धालुहरू प्रस्थान गर्ने जानकारी दिँदै उहाँले जनकपुरको सुन्दर सदन मन्दिरबाट किशोरीजी र रामजानकीसहित जनकपुरको अन्य डोला हनुमानगढीमा जम्मा हुने जानकारी दिनुभयो।

महन्थ शरणकाअनुसार फागुन कृष्णपक्षको औँसीमा कचुरी मठबाट भगवान राम र जानकीको डोलासहित परिक्रमा सुरु हुनेछ। सोमबार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरूको टोली मङ्गलबार विहान पूजापाठ गरी भारत विहारको कल्याणेश्वर प्रस्थान गर्नेछ। यस धार्मिक परिक्रमामा हजारौं भक्तजन र साधुसन्त नेपाल र भारतका पवित्र धार्मिक स्थलहरूमा यात्रा गर्दा पुण्य प्राप्ति र आत्मिक शान्ति हुन्छ भन्ने जनविश्वास रहेको छ।

कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत रूपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताउनुभयो। 'जय सियाराम, जय जय सियाराम' उच्चारण गर्दै नेपालका ११ र भारतका चार धार्मिकस्थल गरी १५ विश्रामस्थलमा राति विश्राम गरी नेपालको १०५ र भारतको २८ गरी कुल १३३ किलोमिटर लामो पैदल धार्मिक यात्रा गरिने उहाँले जानकारी दिनुभयो।

महन्थ वैष्णवका अनुसार सन् १८९० तिर साधुसन्तलाई लिएर वनजङ्गलको बाटो भएर माध्यमिकी परिक्रमा प्रारम्भ गरिएको थियो। तत्कालीन मिथिला विहारी मन्दिरका महन्थ लाढली लालजी शरण तथा जनकपुरधामस्थित रत्नसागर स्थानका महन्थ बाबा नारायण दासजीलगायतले मिलेर परिक्रमा सुरु गरेको बताइन्छ।

विगत लामो समयदेखि हरेक वर्ष धार्मिक यात्रा हुँदै आएको छ। महन्त शरणले गत वर्ष करिब १५ लाख साधुसन्तले परिक्रमामा सहभागिता जनाएको र यस वर्ष पनि सोहीअनुसार सहभागी हुने अपेक्षा रहेको बताउनुभयो।

"राजर्षि राजा जनकको दरबार क्षेत्र मानिएको मिथिलाञ्चल क्षेत्रको मध्य भू-भागमा रावणको अत्याचार बढेपछि राजा जनकले भगवान् शिवलाई सहयोगको गुहार गर्दा शिव भारत विहारको कलानेश्वरनाथ, महोत्तरीको जलेश्वरनाथ, धनुषाको क्षीरेश्वरनाथ र सप्तेश्वरनाथका रूपमा दरबारको चारवटा कुनामा विराजमान भएको किंवदन्ती छ", यसको इतिहासबारे जानकारी दिँदै उहाँले भन्नुभयो, "राजर्षि जनकको आग्रहअनुसार शिवले मध्य मिथिला दरबार क्षेत्रको सुरक्षा गरेको हुनाले सोही चार शिवालयहरूको परिक्रमा गर्ने भएकाले यसलाई मिथिला मध्यमा परिक्रमासमेत भनिएको हो।"

# रौतहटमा सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ३ फागुन।**

रौतहटको दुर्गाभगवती गाउँपालिका ४ स्थित गौर-गढ्गापिपरा सडकखण्डको झाफपुल नजिकै आइतबार बिहान मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

रौतहट जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विष्णुप्रदीप बस्यालका अनुसार मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा गम्भीर घाइते भएका उनीहरुको उपचारका क्रममा मृत्यु भएको छ। गढ्गापिपराबाट गौर आइरहेको बिआर३०यु १३७१ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर सिसौको रुखमा ठोकिएर दुर्घटनामा परेको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा मोटरसाइकल चालक जितेन्द्र साह र मोटरसाइकल पछाडि पर्ने यमुनामाई गाउँपालिका-४ सरुअठा बस्ने २२ वर्षे पुनमदेवी साहको मृत्यु भएको हो। गम्भीर घाइते भएका दुवै जनालाई गौर प्रादेशिक अस्पताल उपचार गर्नका लागि पठाइएको थियो।

प्रहरीका अनुसार चालक जितेन्द्र साहको टाउको, मुख र शरीरको विभिन्न भागमा चोट लागेर गम्भीर भएर अचेत अवस्थामा अस्पताल पुर्याइएको थियो। त्यस्तै, पछाडि बस्ने पुनमदेवीको पनि टाउको, मुख र शरीरका विभिन्न भागमा चोट लागेको थियो।

***उज्यालो नेपालका ...***

राजविराज नगरपालिका वडा नम्बर १३ घर भएका डा. चौधरी नेतृत्व विकास विषयमा विद्यावारिधि गर्नुका साथै हाले नेपाल विद्युत प्राधिकरणको जागिर छाडेर निर्वाचनमा होमिएका छन्।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*